वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ | संख्या : ६ | मिति : २०८२/०७/१३

भाग : २

## नगर कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

### प्रस्तावना

यस वीरेन्द्रनगर नगरपालिकाका कृषकहरुलाई कृषि पेशा तर्फ आकर्षित गरी नगरपालिकालाई खाद्यान्न तरकारी तथा फलफूलमा आत्मनिर्भर तथा सम्भाव्य बालीहरु निर्यात गर्न सक्ने अवस्थामा पुऱ्याउन तथा कृषि क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत नगरबासीको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, एवम् प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, वीरेन्द्रनगर नगरपालिकाले, वीरेन्द्रनगर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ पहिलो संशोधन २०८० र कृषि तथा पशुपन्छी ऐन,२०७८ ले दिएको अधिकार प्रयोग गरी वीरेन्द्रनगर नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** यस कार्यविधिको नाम **"नगर कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ ।

क) यो कार्यविधि वीरेन्द्रनगर नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अनुदान" भन्नाले चालु आर्थिक वर्ष २०८२/२०८३ को स्वीकृत कार्यक्रम बमोजिम नगर कृषि, प्रवर्द्धन लागि छनोट भएका अनुदानग्राहीलाई कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने रकम वा कृषि सामग्री सम्झनुपर्दछ ।

ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यवसायिक कृषि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, तथा कृषि व्यवसायी सम्झनुपर्दछ।

ग) "ऐन" भन्नाले वीरेन्द्रनगर नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७४ पहिलो संशोधन २०८० र कृषि तथा पशुपन्छी ऐन, २०७८ लाई सम्झनुपर्दछ ।

घ) "कार्यक्रम" भन्नाले नगरपालिकाका सबै वडाहरुमा सञ्चालन हुने खाद्यान्न तरकारी फलफूल बाली रैथाने बाली प्रवर्द्धन तथा मल अनुदान कार्यक्रम वा माग र सम्भाव्यताको आधारमा आवश्यक कृषि सामग्री सहुलियत दरमा वितरण कार्यक्रम सम्झनुपर्दछ ।

ङ) "कार्यालय" भन्नाले अनुदान प्रवाह गर्ने निकाय वा वीरेन्द्रनगर नगरपालिका सम्झनुपर्दछ।

च) "किसान" भन्नाले कृषि तथा पशुपन्छीजन्य उत्पादन गरी जिविकोपार्जन तथा व्यवसाय गर्ने किसानलाई सम्झनुपर्दछ ।

छ) "कौशी खेती" भन्नाले आफ्नो घरपरिवार को लागि मात्र उपभोग गर्नका लागि घरको कौशी, छत, बरण्डा, भन्याङ तथा करेसामा लगाईएको फलफूल बिरुवा, तरकारी बाली वा खाद्यान्न बाली, मसला बाली, पुष्प खेती सम्झनुपर्दछ ।

ज) "कृषक समूह" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहना भएका न्यूनतम १५ वा बढीमा ३० सदस्य भएको र कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको कृषि तथा पशुपालन समूहलाई सम्झनु पर्दछ ।

झ) "कृषि व्यवसाय" भन्नाले व्यवसायिक उद्देश्यले गरिने कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन सम्झनुपर्दछ ।

ञ) "कृषि सामग्री" भन्नाले खाद्यान्न, तेलहन, दलहन, मसला बाली, नगदे बाली तथा तरकारी बाली बिउ, हिउँदे तथा वर्षे फलफूल बिरुवा, प्लास्टिक टनेल, सिँचाई पाईप, सिँचाई मोटर, पम्पसेट, मेशिनरी औजार, रासायनिक वा जैविक मल, मौरी घार, च्याउको बिउ लगाएत कृषि प्रवर्द्धनमा सहयोग पुऱ्याउने सामग्रीलाई सम्झनुपर्दछ ।

ट) "च्यापकटर मेशिन" भन्नाले सुकेको घाँस पराल वा हरियो घाँसलाई टुक्रा पार्ने स्वचालित वा मानवद्धारा सञ्चालित मेशिन सम्झनुपर्दछ ।



ठ) "जैविक मल" भन्नाले प्रांगारिक मल, भर्मिकम्पोस्ट मल, कम्पोस्ट मल, गोठे मल तथा बायो फर्टिलाईजर सम्झनुपर्दछ ।

ड) "तालिम" भन्नाले कृषि तथा पशुपन्छी विकाससँग सम्बन्धित व्यवसायीहरुको प्राविधिक ज्ञान, सीप र धारणालाई सकारात्मक परिवर्तन गर्न औपचारिक तथा अनौपचारिक रुपमा प्रदान गरिने सैद्धान्तिक एवम् व्यवहारिक प्रशिक्षण कार्यलाई सम्झनुपर्दछ ।

ढ) "दोस्रो पक्ष" कृषक, कृषि समूह, कृषि सहकारी, कृषि फर्म वा अनुदान ग्राही सम्झनुपर्दछ ।

ण) "नगरपालिका " भन्नाले वीरेन्द्रनगर नगरपालिका, सुर्खेतलाई सम्झनुपर्दछ ।

त) "पकेट क्षेत्र" भन्नाले अनुसूची ९ बमोजिममा उल्लेख भए बमोजिमका विभिन्न बाली वस्तुका वडा तथा क्षेत्रहरु सम्झनुपर्दछ ।

थ) "पहिलो पक्ष" वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

द) "पोषण सुरक्षा" भन्नाले आफ्नो घरपरिवारको लागि मात्र उपभोग गर्नका लागि लगाईएको फलफूल बिरुवा, तरकारी बाली वा खाद्यान्न बाली सम्झनुपर्दछ ।

ध) "प्रस्ताव" भन्नाले कार्यक्रममा उल्लेख भए बमोजिम कार्य गर्नका लागि अनुदानग्राहीले पेस गरेको आवश्यक कागजात सहितको विस्तृत कार्ययोजना सहितको विवरणलाई सम्झनुपर्दछ ।

न) "फर्म" भन्नाले कृषि तथा पशुपन्छी व्यबसाय गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता र सूचीकृत भएको व्यबसायलाई सम्झनुपर्दछ ।

ऩ) "बिमा" भन्नाले प्रचलित कानून बमोजिम कृषि तथा पशुपन्छीहरुमा गरिएको लगानी सुरक्षित गर्ने प्रक्रिया सम्झनुपर्दछ ।

प) "यन्त्र र उपकरण" भन्नाले कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारिकरणमा प्रयोग हुने मेशिनरि औजार सम्झनु पर्दछ ।

फ) "रासायनिक मल" भन्नाले युरिया, डी ए पी, र पोटास तथा अन्य कलकारखाना बाट उत्पादन भएका र नेपाल सरकारले प्रयोगका निम्ति स्वीकृति दिएका मल सम्झनुपर्दछ ।

ब) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिनासम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख जात जाति र द्वन्द्व पीडित भनी सम्बन्धित वडा कार्यालयले सिफारिस गरेको व्यक्ति सम्झनुपर्दछ।

भ) "वडा" भन्नाले वीरेन्द्रनगर नगरपालिकाका वडा नं १ देखि १६ सम्मका वडा कार्यालयहरु सम्झनुपर्दछ ।

म) "वर्षे फलफूल" भन्नाले असार श्रावण महिनामा रोपिने फलफूल विरुवा सम्झनुपर्दछ ।

य) "व्यावसायिक खाद्यान्न खेती" भन्नाले अनुसूची ८ मा भए अनुसारका खाद्यान्न बालीको खेती सम्झनुपर्छ ।

र) "व्यावसायिक तरकारी खेती" भन्नाले अनुसूची ८ मा भए अनुसारका तरकारीहरुको खेती सम्झनुपर्छ ।

ऱ) "व्यावसायिक फलफूल खेती" भन्नाले अनुसूची ८ मा भए अनुसारका फलफूलहरुको खेती सम्झनुपर्छ ।

ल) "सहकारी" भन्नाले सहकारी ऐन २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनुपर्छ ।

व) "सेवाग्राही" भन्नाले कृषि प्रवर्द्धनका लागि कार्यालयबाट अनुदान सहयोग लिने अनुदानग्राही तथा पोषण सुरक्षाका लागि सानो स्तरमा कार्यालयबाट कृषि उत्पादनका लागि आवश्यक बिउ, विषादी, औजार उपकरण लिने कृषकहरुलाई सम्झनुपर्दछ ।

श) "हिंउदे फलफूल" भन्नाले पुस, माघ महिनामा रोपिने फलफूल विरुवा सम्झनुपर्दछ ।

**३. अनुदान उपलब्ध गराउन सक्ने:**

(१) वीरेन्द्रनगर नगरपालिकाको स्वीकृत आर्थिक बजेट तथा कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा समूह सहकारी छनोट भएपनि उक्त समूह वा सहकारीबाट लाभान्वित हुने कृषकले विगतमा अनुदान प्राप्त नगरेको भए उक्त कृषकलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान देहाय बमोजिमको विषयगत क्षेत्रमा उपलब्ध हुनेछ ।

(क) जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रम,

(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,

(ग) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,

(घ) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रम,

(ङ) कृषि सम्बन्धी अन्य विविध कार्यक्रम ।

(४) उपदफा (३) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम अनुसूची (१) बमोजिम हुनेछ । त्यस्ता कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) मा उल्लेख भए बमोजिम हुनेछ ।

**४. सूचना प्रकाशन गर्नु पर्ने:**

(१) कार्यालयले दफा ३ को उपदफा (३) बमोजिमको विषयगत क्षेत्रमा अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि स्वीकृत [illegible]



कम्तीमा १५ दिन भित्र प्रस्ताव/ निवेदन पेस गर्न अनुसूची (३) बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने सम्बन्धित वडाका अनुदानग्राहीले अनुसूची (४) बमोजिमको निवेदन र अनुसूची (६) बमोजिमको व्यवसायिक कार्ययोजना पेस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिंदा निवेदनको साथमा देहाय बमोजिमको कागजात संलग्न राखी पेस गर्नु पर्नेछः

क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ख) कृषि व्यवसाय गर्ने अनुसूची (६) बमोजिमको प्रस्ताव,

ग) व्यवसायिक कृषि फर्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

घ) व्यवसायिक कृषि फर्मको हकमा गत आर्थिक वर्षसम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाणपत्रको प्रतिलिपि,

ङ) जगाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

च) दफा (१८) को उपदफा (१) र (२) बमोजिम गत आ.व. मा कुनैपनि अनुदान नलिएको स्वघोषणा पत्र, वा पहिला भन्दा फरक प्रकृतिको कार्य गर्ने भन्ने प्रतिबद्धता पत्र ।

छ) आयोजना सम्बन्धी अन्य आवश्यक कागजात,

ज) वडा कार्यालयको सिफारिस पत्र।

झ) समूह तथा सहकारी मार्फत प्रस्ताव पेस गरेको हकमा उक्त समूह वा सहकारीबाट लाभान्वित हुने कृषक पहिले नै एकिन गरी नाम सूची सहितको सिफारिस पत्र ।

**स्पष्टिकरण** : माथि जुनसुकै कुरा लेखिएको भएतापनि कृषि विकास शाखाबाट सञ्चालन हुने साना प्रकारका कार्यक्रम जस्तै तरकारी, खाद्यान्न नगदे बालीको बिउ वितरण, फलफूल बिरुवा वितरण, जैविक मल वितरण, जैविक तथा रासायनिक विषादी वितरण, स्प्रे ट्याङकी, हजारी तथा अन्य साना औजार वितरण, च्याउको बिउ वितरणका कार्यक्रमहरु तोकिएको अनुदान प्रतिशतमा रहेर सूचना प्रकाशन पछि प्रस्ताव माग नगरेर सोझै वितरण गर्न पनि सकिनेछ ।

**५. प्रस्ताव तथा निवेदनको मूल्याङ्कनः**

(१) दफा ४ बमोजिम पेस भएका प्रस्ताव अथवा माग निवेदनको प्राविधिक पक्षको मूल्याङ्कन कृषि विकास शाखा, सम्बन्धित वडाका वडा अध्यक्ष तथा निजले तोकेको वडा सदस्य र आर्थिक विकास समिति सहित स्थलगत अनुगमन गरी अनुसूची (७) बमोजिमका मूल्याङ्कन आधारमा मूल्याङ्कन गरी कृषक छनोट प्रक्रियाका लागि वीरेन्द्रनगर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ ले निर्दिष्ट गरेको

स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति समक्ष सिफारिस गर्ने कार्य गर्नुपर्नेछ वा प्रस्ताव मूल्याङ्कनको पहिलो चरणको काम आर्थिक विकास समितिले गर्नेछ ।
प्रस्तावको मूल्याङ्कन गर्न कृषि विकास शाखा तथा आर्थिक विकास शाखाले अनुगमन गर्दा तथा आर्थिक विकास समितिको बैठक बस्दा आवश्यकता अनुसार बढीमा दुईजना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। प्रस्ताव तथा माग निवेदनको मूल्याङ्कन गर्दा आर्थिक विकास समितिको बैठकबाट निर्णय हुनेछ । आर्थिक विकास समितिको बैठक आर्थिक विकास समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

६) **लाभग्राही छनोट प्रक्रिया:** लाभग्राहीको छनोट प्रक्रिया आर्थिक विकास समितिको छनोट सिफारिस अनुसार हुनेछ तर यदि ठुला अनुदान रु.५,००,००० ।–( पाँच लाख) भन्दा माथिको हकमा आवश्यकता अनुसार वीरेन्द्रनगर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ तथा संशोधन २०८० ले निर्दिष्ट गरेको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिले प्रस्ताव तथा लाभग्राहीको अन्तिम छनोट गर्नेछ । छनोट भएका लाभग्राहीहरु सँग सम्झौता गर्नुपर्ने कार्यक्रमको हकमा सम्झौताका लागि कम्तीमा ७ (सात) दिनको सूचना प्रकाशन गरिनेछ र यदि तोकिएको समय अवधिसम्म सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई प्राथमिकतामा राखी सम्झौता गर्न सकिनेछ। तर सम्झौता गर्न नपर्ने खालका साना सामग्रीहरु जस्तै जैविक मल, तरकारी/खान्यान बिउ, जैविक तथा रासायनिक विषादीहरु तथा साना औजारहरु वितरण गर्दा आवश्यकता अनुसार कृषि शाखाले वीरेन्द्रनगर क्षेत्रभित्रका कृषकलाई सोझै शाखाबाट पनि वितरण गर्न सक्नेछ ।

७) **निर्देशक समिति:** अनुदान प्रवाहको प्रक्रिया सहजिकरण गर्न वीरेन्द्रनगर नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७४ को संशोधन २०८० ले निर्दिष्ट गरेको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति नै निर्देशक समिति रहनेछ। निर्देशक समितिले आवश्यकतानुसार बढीमा तीन जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका अधिकृत प्रतिनिधिलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ । निर्देशक समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। निर्देशक समितिको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ। निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८) **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः



(क) कार्यक्रम सञ्चालन गर्न अनुसूची (१) मा उल्लेख भएका कार्यक्रमको प्राविधिक मापदण्ड, कार्यक्रम छनोट तथा मूल्याङ्कनका आधार तयार गरी स्वीकृतिको लागि कार्यपालिका समक्ष पेस गर्ने,

(ख) अनुदान रकम निर्धारण र भुक्तानीको प्रक्रियामा थप कार्यविधिगत ढाँचा आवश्यक भएमा ढाँचा तयार स्वीकृतिको लागि कार्यपालिकामा समक्ष पेस गर्ने,

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान तथा विवाद निरूपण गर्ने साथै लाभग्राही छनोट तथा अनुदान सामग्री तथा रकम उपलब्ध गराउँदा आवश्यकता बमोजिम यस समिति मार्फत अन्तिम निर्णय हुने,

(घ) कृषि अनुदान प्रक्रियामा संलग्न हुन चाहने अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुसँग सहकार्यको क्षेत्र र सर्त निर्धारण तथा निर्णय गर्ने ।

(ङ) आवश्यकता बमोजिम कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार निर्देशन, समन्वय र सहजीकरण गर्ने।

**९. अनुदान रकमको सीमा र क्षेत्र:**

(१) कार्यालयले अनुदानग्राहीलाई अनुदान दिँदा यस कार्यविधिमा तोकिएको परिधि भित्र रहि दिनु पर्नेछ।

(२) यस कार्यविधिको अनुसूची (१) बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा विनियोजित बजेटको सीमा भित्र रही कार्यक्रम र खर्चको मापदण्ड अनुसूची (२) बमोजिमको अनुदान प्रतिशत उपलब्ध गराउनु पर्नेछ।

(३) कृषिजन्य र पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धनको लागि अनुदान उपलब्ध गराउन सन्दर्भ मूल्यलाई आधार लिइनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट वा कार्यपालिकाले निर्धारण गरेको दर रेट बमोजिम हुनेछ।

(४) सरकारी फर्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको खरिद बिक्री गर्दा सन्दर्भ मूल्य,जिल्ला दर रेट, कार्यपालिकाले निर्धारण गरेको दर रेट वा संघीय सरकारले निर्धारण गरेको दररेट कुनै एक बमोजिम गर्न सकिनेछ।

(५) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट, कार्यपालिकाले निर्धारण गरेको दर रेट वा स्थानीय दररेटलाई आधार लिनु पर्नेछ।

(६) समूह, सहकारी तथा व्यावसायिक कृषि फार्मसँग कार्यक्रम सञ्चालन गर्दा प्रचलित खरिद ऐन बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(७) वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरुमा अनुदान उपलब्ध गराउँदा रु.१०,००० ।- (दश हजार) भन्दा माथिको अनुदान कार्यक्रममा यस वीरेन्द्रनगर नगरपालिकामा स्थायी बसोबास भएको वा वीरेन्द्रनगर नगरपालिकामा व्यवसाय दर्ता गरेको कृषक मात्र अनुदानको लाभग्राही हुन सक्नेछ ।

**१०. सम्झौता गर्नुपर्नेः**

(१) कार्यालयले अनुदानग्राहीको छनोट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची (१०) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) चालु आर्थिक वर्षको जेठ मसान्त पछि कार्यक्रम सञ्चालन तथा अनुदान लिने/दिने सम्वन्धमा सम्झौता गरिने छैन।

**११. अनुदानको भुक्तानीः**

(१) अनुदानग्राहीले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको समय अवधिभित्र निजी उद्यमी, कृषि समूह वा कृषि सहकारीको कार्यसम्पन्न प्रतिवेदन, वडा कार्यालयको कार्यसम्पन्न तथा भुक्तानी सिफारिस पत्र, संरचना निर्माणको हकमा सम्बन्धित वडाको पूर्वाधार तर्फको प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन, प्राविधिकको भुक्तानी बिल र मेशिनरी औजार खरिदको हकमा कृषि इन्जिनियर वा मेकानिकल इन्जिनियरको प्रमाणित प्रतिवेदन, लगायतका कागजात सहित भुक्तानीको लागि कार्यालयमा निवेदन पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेस भएमा कार्यालयले तोकेको कर्मचारीबाट स्थलगत निरीक्षण गराई प्राप्त कार्य प्रगति सहितको प्राविधिक प्रतिवेदन वा कृषि विकास शाखाका प्राविधिकको भुक्तानी सिफारिसका आधारमा लगानी अनुपातको हिसाबले अनुदानको प्रत्येक किस्ता वा एकमुष्ट रकम भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टेन्जेन्सी रकम र कर कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम अनुदानग्राहीलाई भुक्तानी हुने रकम निजको बैंक खातामा वा सम्झौता गरिएको समूह, सहकारी तथा निजी उद्यमीको खातामा जम्मा हुने गरी उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यालयले पन्ध्र दिने सार्वजनिक सूचनाको माध्यमबाट कृषि यान्त्रिकीकरण कार्यक्रमको हकमा अनुदान माग भएको उपकरणको प्रकार, गुणस्तर र प्रति इकाइ मूल्य/ दररेट माग गरिनेछ र कम्तीमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्यका आधारमा सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकमका लागि कार्यपालिकाबाट दररेट निर्धारण गरिनेछ।वा कार्यालयले जिल्ला दररेट अथवा नजिकको जिल्लाको दररेटलाई आधार मानेर पनि अनुदानमा उपलब्ध गराउने सामग्रीको रकम निर्धारण गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकम निर्धारण गरिएको आपूर्तिकर्ताबाट वा सोहि दररेटमा अन्य आपूर्तिकर्ताबाट पनि अनुदानग्राहीले छनोट प्रस्ताव बमोजिमको सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी पुरा मूल्य भुक्तानी गरी खरिद गरेको कृषि उपकरणको अनुगमन गरी कार्यालयले कृषकको बैंक खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

(७) उपदफा (६) बाहेकका जिन्सी सामान, कृषि सामग्रीको खरिदको हकमा खरिद सम्बन्धी प्रचलित कानून (खरिद ऐन, २०६३ तथा नियमावली २०६४) बमोजिम कार्यालयले खरिद गरेर पनि वितरण गर्न सक्नेछ। साथै संरचना निर्माण (प्लास्टिक टनेल, सिँचाई पोखरी, सिँचाई कुलो, इनार निर्माण, रष्टिक स्टोर, मुहान संरक्षण आदि) को हकमा प्राविधिकको लागत स्टमेटको आधारमा लाभग्राही सँग सम्झौता गरी सम्झौता बमोजिमको कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**स्पष्टिकरणः** यस उपदफाको प्रयोजनको लागि (कृषि सामग्री) भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, पोषक तथा सूक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनुपर्दछ।

**१२. बीमा गर्न सक्नेः** दफा ३ को उपदफा (३) को खण्ड (क) र (ख) क्षेत्र अन्तर्गत व्यावसायिक रूपमा सञ्चालन हुने बाली, पशुधन, मत्स्य पालन फर्म, भौतिक पूर्वाधारको र खण्ड (ग) र (घ) अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्न सक्नेछ।

**१३. सार्वजनिक परीक्षणः** समूह तथा सहकारीका अनुदानग्राहीले पक्की संरचना निर्माणको हकमा कार्यक्रम सम्पन्न भएपछि अनुदान रकम भुक्तानीका लागि कार्यालयमा निवेदन पेस गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

**१४. अनुदान अन्यत्र प्रयोग गर्न नपाइनेः**

(१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइनेछैन।

(२) उपदफा (१) बमोजिम अन्यत्र प्रयोग वा दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिना भित्र अनुदान प्रदायक निकायमा पेस गरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(४) झुट्टा विवरण पेस गरी अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई

नगरपालिका वा वडाबाट भविष्यमा कुनै पनि अनुदान उपलब्ध गराइने छैन। त्यस्तो अनुदानग्राहीको नामनामेसी सार्वजनिक गरिनेछ।

(५) अनुदान पाउने निजी उद्यमी समूह तथा सहकारीले संरचना निर्माण तथा ठुला मेशिनरी औजार अनुदानमा लिएको कम्तीमा ५ वर्ष सम्म फर्म समूह वा सहकारी खारेज गर्न पाईने छैन ।

**१५. अनुगमन तथा मूल्याङ्कनः**

(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले कृषि शाखा प्रमुखलाई सम्पर्क व्यक्तिको जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु निजको दायित्व हुनेछ।

(२) नगर उपप्रमुखको संयोजकत्वमा रहेको योजना अनुगमन समिति,आर्थिक विकास समिति, वडा समिति तथा आवश्यकता बमोजिम कार्यक्रम निर्देशक समितिले छुट्टाछुट्टै वा संयुक्त अनुगमन गर्न सक्नेछन् ।अनुगमन गर्दा कार्यालयले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधि तथा कृषि विकास निर्देशनालयका प्रमुख वा प्रतिनिधि लाई आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार कृषि विकास शाखा सँगै आर्थिक प्रशासन शाखा, आर्थिक विकास समिति वा कार्यालयको योजना अनुगमन समितिबाट हुन सक्नेछ ।

**१६. गुनासो व्यवस्थापनः**

(१) अनुदानग्राहीले अनुदान प्राप्तीका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने कृषि विकास शाखा समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा कृषि विकास शाखा प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले कार्यालयको प्रमुख प्रशासकीय अधिकृत समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३ बमोजिम परेको निवेदन उपर प्रमुख प्रशासकीय अधिकृतले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ।

**१७. सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेः** यस कार्यविधि बमोजिम कोल्ड स्टोर, रष्ट्रिक स्टोर , मेशिनरी औजार ,ढुवानी सेवा, कृषिजन्य उद्योग स्थापना, कस्टम हायरिङ्ग सेन्टर र स्रोत केन्द्र सञ्चालन गर्ने अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अन्य सेवाग्राहीलाई सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेछ।

**१८. दोहोरो सुविधा लिन नपाउनेः**

(१) अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा अन्य कुनै एकभन्दा बढी निकायबाट र एक आर्थिक वर्षमा एकभन्दा बढी कार्यक्रमको लागि वरेन्द्रनगर नगरपालिका कार्यालयबाट ठुला (संरचना निर्माण तथा ठुला मेशिनरी औजार) अनुदान प्राप्त गर्न सक्ने छैन।

**१९. सम्झौता बमोजिम हुनेः**

(१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप, निर्माण गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा उल्लिखित सर्त बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बिना सम्झौतामा उल्लेखित अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन वा बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रम सम्झौतामा तोकेको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्नेछ।

(३) कुनै विशेष कारण वस वा काबु बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुनेछ।

**२०. बाधा अड्काउ फुकाउः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा सारभूत विषय बाहेकको सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूची -१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

<u>अनुदान प्रदान गरिने कार्यक्रमहरु</u>

| | |
|---|---|
| | क) गरिब तथा अति विपन्न लक्षित वर्ग विशेष कार्यक्रम |
| १ | दलित लक्षित निःशुल्क कृषक सहयोगका कार्यक्रम मागमा आधारित ( च्याउ, मौरी, तरकारी, अदुवा, बेसार) |
| | ख) कृषि उपज उत्पादन क्षेत्र विशेष कार्यक्रम (पकेट विकास) |
| १ | वर्षे आलु पकेट विकास कार्यक्रम |
| २ | पुराना तरकारी पकेट स्तर उन्नती कार्यक्रम |
| ३ | पुराना आलु पकेट स्तर उन्नती कार्यक्रम |
| ४ | च्याउ पकेट क्षेत्रमा च्याउ प्रवर्द्धन कार्यक्रम |
| ५ | महको गुणस्तरिय बजारिकरणका लागि प्याकेजिङ, लेबलिङ तथा ब्रान्डिङ |
| ६ | हिउँदे तथा बसन्ते मकै प्रवर्धन कार्यक्रम |
| ७ | कौसी खेती प्रविधि तालिम |
| ८ | ५०% अनुदानमा तरकारी बिउ वितरण (हिउँदे र बसन्ते ) |
| | ग) साना सिँचाइ कार्यक्रम |
| १ | साना सिँचाइ अन्तर्गत मोटर, पम्पसेट अनुदानमा वितरण |
| २ | साना सिँचाइ अन्तर्गत सिँचाइ पाईप अनुदानमा वितरण |
| | घ) आकस्मिक रोग किरा नियन्त्रणका लागि बाली संरक्षण सेवा |
| | ङ) प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम, |
| १ | गड्यौली तथा जैविक मल वितरण |
| २ | जैविक विषादी लगाएत अन्य सामग्री वितरण |
| ३ | विषादीको सहि सदुपयोग तथा प्रयोग न्यूनिकरणका लागि कृषकहरुलाई अभिमुखीकरण कार्यक्रम |
| ४ | द्रुत विषादी विश्लेषण कार्यक्रमलाई थप सहयोग (बैठक तथा अनुगमन) |
| | च) कृषि सम्बन्धी अन्य विविध कार्यक्रम |
| १ | कृषिजन्य उत्पादन सामग्री ढुवानी कार्यक्रम |
| २ | अनुगमन बैठक तथा भ्रमण खर्च |
| ३ | समूह गठन तथा नवीकरण |

## अनुसूची २

(दफा ३ को उपदफा (४) र दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

<u>**कार्यक्रम र खर्चको मापदण्ड**</u>

| | |
|---|---|
| | **क. गरिब तथा अति विपन्न लक्षित वर्ग विशेष कार्यक्रम** |
| १ | **कार्यक्रमको नाम :-** दलित लक्षित निःशुल्क कृषक कार्यक्रम मागमा आधारित मौरी च्याउ, तरकारी तथा अदुवा/बेसार आदि |
| | **(क) कार्यक्रम सञ्चालन हुने वडा :- वडा नं.१० र १६** |
| | **(ख)** वडा नं १० र १६ का विपन्न दलित किसानको सहभागितामा स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा कृषि सम्बन्धी आय आर्जन कार्यक्रम सञ्चालन गरी कृषकको जीवनस्तर सुधार गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलाप:**<br>१. करेसाबारी तथा घर बगैचाका लागि कृषिजन्य बस्तु उत्पादन सामग्री ( तरकारी बिउ,अदुवा, बेसार बिउ, च्याउ बिउ, टनेलका लागि प्लास्टिक, झारी, स्प्रे ट्याङ्कि, गार्डेन पाईप, मल, गुमोजका लागि प्लास्टिक,पोलि व्याग, विषादी आदि) मध्य माग तथा आवश्यकता अनुसार का सामग्री मात्र वितरण ।<br>२. माग बमोजिम मौरीघार तथा मह उत्पादन सामग्री वितरण ।<br>३. आवश्यकता अनुसार प्रविधिमा आधारित तालिम तथा जनचेतना कार्यक्रम । |
| | **घ) सञ्चालन प्रक्रिया:-** सम्बन्धित तोकिएका वडाका लागि सूचना प्रकाशन गरिनेछ र वडाले तोकिएको मापदण्डमा रहेर प्रति वडा कम्तीमा १० जना विपन्न दलित कृषक वा कृषक समूह सिफारिस गरि पठाउने छ र सोही कृषकहरुसँग कृषि विकास शाखाले छलफल गरी कृषकको मागको आधारमा कार्यक्रम सञ्चालन गर्नेछ । |
| | **ङ) अनुदान रकम प्रतिशत र अधिकतम सीमा:**<br>१ . प्रति घरधुरी बढीमा रु.१०,000 ।- बराबरको उत्पादन सामग्री उपलब्ध गराइने र कार्यक्रम सञ्चालन गर्दा प्रति वडा कम्तीमा रु.1,00,000 ।- खर्च गर्न सकिनेछ ।<br>२. कृषकलाई सामग्री शतप्रतिशत अनुदानमा उपलब्ध गराइनेछ ।<br>३ उक्त कार्यक्रम सञ्चालनका लागि रकम तथा सामग्री साझेदारीका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन्। |
| | **च ) न्यूनतम मापदण्ड:**<br>१. विपन्न कृषक भन्नाले एकाघरमा कुनैपनि व्यवसाय वा नोकरी नगरेको घरको किसान छनोट गर्नुपर्नेछ । |

२. कृषकको घर फुस/ टिनको छानो तथा कच्ची घर भएको वा वडा नं. १० को हकमा निज परिवारको कुनैपनि सदस्यको नाममा १ कठ्ठा भन्दा कम जमिन भएको हुनुपर्ने र वडा नं. १६ को हकमा ५ रोपनी भन्दा कम खेतीयोग्य जमिन भएको।
३. कार्यक्रममा कम्तीमा प्रति वडा दश घरधुरीलाई समेट्नुपर्नेछ।
४. कम्तीमा एक आर्थिक वर्ष कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम सञ्चालनमा उत्कृष्ट देखिएमा अर्को आगामी आ.व.मा फलोअपको रूपमा कम्तीमा पचास प्रतिशत बजेट विनियोजन गर्न सकिनेछ।
५. एक वडामा एक वटा प्याकेज भन्दा बढी कार्यक्रम सञ्चालन गरिने छैन।
६. कार्यक्रम एक कलस्टर, टोल वा कृषक समूह तथा कृषि सहकारी मार्फत सञ्चालन गरिनेछ वा कुनै टोलका समूह सहकारीमा नबसेका र वडा कार्यालयले सिफारिस गरेका कृषक घरधुरी पनि कार्यक्रममा समावेश हुन सक्नेछन ।
७. सम्भव भएसम्म स्थानीय स्रोत ,साधन ,सीप ,क्षमता र जनशक्तिको प्रयोग गर्नुपर्नेछ ।

**ख) कृषि उपज उत्पादन क्षेत्र विशेष कार्यक्रम (पकेट विकास)**

. कार्यक्रमको नाम:- वर्षे आलु पकेट विकास कार्यक्रम

**क) कार्यक्रम सञ्चालन हुने वडा :- वडा नम्बर १४ चन्दने**

**ग) कार्यक्रमको उद्देश्य:-** आलुको उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरलाई आलुमा आत्मनिर्भर गराउनु ।

**) प्रमुख क्रियाकलाप:-**

१. आलु खेती प्रविधि सम्बन्धी तालिम सञ्चालन
२. आलु खेतीका लागि आलुको बिउ वितरण
३. आलु खेतीका लागि औजार उपकरण ड्याङ् /रिज मेकर , फलामे हलो ,कुटो, कोदालो
४. साना सिँचाइ कार्यक्रम माटो सिमेन्ट पोखरी, पाईप
५. बाली संरक्षण सेवा (विषादी , स्प्रे ट्याङ्कि)

**) सञ्चालन प्रक्रिया**

सम्बन्धित तोकिएका स्थानका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको छनोट वडा समितिसँगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभ ग्राही (कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गका समूहहरु) छनोट गरी निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र



निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात् लाभग्राहिले कम्तीमा ५०% (पचास प्रतिशत) लागत सहभागिता हुने गरी कृषि विकास शाखा तथा कार्यालय सँग सम्झौता गर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न भएपछि प्राविधिक अनुगमन मूल्याङ्कन तथा योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कन र सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस पत्रको आधारमा मात्र लाभग्राहीलाई बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ ।

**ङ) अनुदान रकम र अधिकत्तम सीमा:-**

१. कृषकलाई तालिम शतप्रतिशत अनुदानमा उपलब्ध गराउने ।
२. अन्य संरचना निर्माण तथा खरिद सामग्री खर्चमा ५० % (पचास प्रतिशत) अनुदानमा उपलब्ध गराउने ।
३. प्रति कृषक समूह वा कृषि सहकारीसँग अधिकतम रु.२,५०,००० ।-(दुई लाख पचास हजार) रकम साझेदारी गर्न सकिनेछ ।
४. उक्त कार्यक्रम सञ्चालनका लागि रकम तथा सामग्री साझेदारीका लागि वडा कार्यालय र अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन्।
५. छनोट भएका समूह वा सहकारीले तोकिएका क्रियाकलापहरु सञ्चालन हुनेगरि वीरेन्द्रनगर नगरपालिकासँग सम्झौता गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।
६. सम्झौता अनुरुपको काम सम्पन्न पश्चात् अनुदान बापतको ५०% (पचास प्रतिशत) रकम उक्त समूह, सहकारीको बैंक खाता मार्फत एकमुष्ट भुक्तानी गरिनेछ ।

**च) न्यूनतम मापदण्ड:-**

१. हालसम्म आलु पकेट विकास सम्बन्धी अनुदान प्राप्त नगरेका विपन्न कृषक तथा कृषक समूह तथा सहकारीलाई पहिलो प्राथमिकतामा राख्नु पर्नेछ ।
२. पकेट सञ्चालन एकै कलस्टर, टोल वा समूहमा सञ्चालन हुनेछ ।
३. संरचना निर्माण तथा खरिद सामग्रीहरूमा कृषकको लागत साझेदारी ५०% अनिवार्य हुनेछ र आलुको बिउ मात्र खरिद नगरि संरचना निर्माण गर्ने तथा निरन्तर व्यवसायको लागि आवश्यक पर्ने अन्य सामग्री खरिद गर्ने प्रस्ताव पेस गरेका समूह, सहकारीलाई प्राथमिकतामा राखी छनोट गर्नुपर्नेछ ।
४. सूचना प्रकाशन पछि कृषक समूह, सहकारी छनोटका लागि आर्थिक विकास समिति तथा निर्देशक समितिको निर्णयसँगै वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ।
५. सामूहिक रुपमा समूह तथा सहकारीले कम्तीमा २ हेक्टर जमिनमा खेती गर्नुपर्नेछ ।
६. आलुको स्थानीय तथा रैथाने जात रोपणलाई प्राथमिकतामा राख्नु पर्नेछ ।

| | |
|---|---|
| | ७. विगत वर्ष देखि व्यावसायिक रुपमा आलु खेती गरिरहेका कम्तीमा २० जना कृषकहरुलाई कार्यक्रममा समावेश गराइनेछ । |
| २ | **कार्यक्रमको नामः पुराना तरकारी पकेट स्तर उनन्ती कार्यक्रम** |
| | **क) कार्यक्रम सञ्चालन हुने वडाहरुः ९ र १०** |
| | **ख) कार्यक्रमको उद्देश्य :-** वीरेन्द्रनगरमा तरकारी बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरि तरकारीको आयात न्यूनिकरण गरि निर्यात प्रवर्द्धन गर्ने । |
| | **ग) प्रमुख क्रियाकलापः-**<br>१) तरकारी खेती प्रविधि सम्बन्धि तालिम सञ्चालन<br>२) तरकारी खेतीका लागि तरकारी बिउ वितरण<br>३) तरकारी खेतीका लागि औजार उपकरण (मिनिटिलर, फलामे हलो ,कुटो, कोदालो)<br>४) साना सिँचाइ कार्यक्रम (माटो वा सिमेन्ट पोखरी, पोलिथिन पाईप, मोटर, पम्पसेट तथा डेलिभरी पाईप) ।<br>५) मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्द्धनका लागि कच्ची तथा पक्की प्लास्टिक टनेल र गुमोज निर्माण ।<br>६) बाली संरक्षण सेवा (विषादी , स्प्रे ट्याङ्कि) |
| | **क) सञ्चालन प्रक्रिया**<br>गत आ.व. २०८१ ।८२ मा तोकिएको क्षेत्रमा तरकारी खेती प्रवर्द्धन कार्यक्रममा छनोट भई कार्यक्रम सञ्चालन गरेको समूह, सहकारीका लागि सूचना प्रकाशन गरिनेछ र आएको निवेदन तथा कार्य योजना सहितको प्रस्ताव हेरी कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी) छनोट गरी निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात् लाभग्राहीले कम्तीमा ५०% (पचास प्रतिशत) लागत सहभागिता हुने गरी कृषि विकास शाखा तथा कार्यालय सँग सम्झौता गर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङ्कन (संरचना निर्माणको हकमा),सम्बन्धित वडा कार्यालयको अनुगमन मूल्याङ्कन प्रतिवेदन, वडाको भुक्तानी सिफारिस पत्र तथा कृषि विकास शाखाको सिफारिसको आधारमा मात्र लाभग्राहीलाई बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ । |
| | क) अनुदान रकम र अधिकतम सीमाः-<br>१. कृषकलाई तालिम शतप्रतिशत अनुदानमा उपलब्ध गराउने । |



| | |
|---|---|
| | २. अन्य संरचना निर्माण तथा खरिद सामग्री खर्चमा ५०% अनुदानमा उपलब्ध गराउने ।<br>३. प्रति कृषक समूह वा कृषि सहकारीसँग अधिकतम रु.२,००,००० ।(दुई लाख) साझेदारी गर्न सकिनेछ ।<br>४. उक्त कार्यक्रम सञ्चालनका लागि रकम तथा सामग्री साझेदारीका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन् ।<br>५. छनोट भएका समूह वा सहकारीले तोकिएका क्रियाकलापहरु सञ्चालन हुनेगरि वीरेन्द्रनगर नगरपालिकासँग सम्झौता गरी सोही अनरुप कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>६. सम्झौता अनुरुपको काम सम्पन्न पश्चात् अनुदान बापतको ५०%(पचास प्रतिशत) रकम एकमुष्ट उक्त समूह सहकारीको बैक खाता मार्फत भुक्तानी गरिनेछ । |
| | **च ) न्यूनतम मापदण्डः**<br>१. गत आ.व. २०८१ ।०८२ को तरकारी प्रवर्द्धन कार्यक्रम (तरकारी पकेट विकास) मा समावेश भएको कृषक समूह तथा सहकारी ।<br>२. पकेट सञ्चालन एकै कलस्टर, टोल वा समूहमा सञ्चालन हुनेछ ।<br>३. संरचना निर्माण तथा खरिद सामग्रीहरूमा कृषकको लागत साझेदारी ५०% अनिवार्य हुनेछ ।<br>४. सूचना प्रकाशन पछि कृषक समूह, सहकारी छनोटका लागि आर्थिक विकास समिति तथा निर्देशक समितिको निर्णय सँगै वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ।<br>५. सामूहिक वा एउटै कलस्टरमा रहेका कृषकलाई समेटेर समूह तथा सहकारीले टनेल र खुला गरि कम्तीमा १ हेक्टर जमिनमा खेती गर्नुपर्नेछ ।<br>६. तरकारीका स्थानीय तथा रैथाने जात प्रवर्द्धनलाई प्राथमिकतामा राख्नु पर्नेछ ।<br>७. विगत वर्ष देखि व्यावसायिक रूपमा तरकारी खेती गरिरहेका र सम्भव भएसम्म गत आ. व. को कार्यक्रममा नसमेटिएका कृषक लाभान्वित हुनेगरि समूह वा सहकारीले कृषक छनोट गरि पठाउनु पर्नेछ । |
| ३ | **कार्यक्रमको नामः पुराना आलु पकेट स्तर उन्नती कार्यक्रम** |
| | **क) कार्यक्रम सञ्चालन हुने वडाहरुः १३** |
| | **ख) कार्यक्रमको उद्देश्य :-** वीरेन्द्रनगरमा आलु बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरि आलुको आयात न्यूनिकरण गरि निर्यात प्रवर्द्धन गर्ने । |
| | **ग) प्रमुख क्रियाकलापः-**<br>१. आलु खेती प्रविधि सम्बन्धी तालिम सञ्चालन |

२. आलु खेतीका लागि आलुको बिउ वितरण
३. आलु खेतीका लागि औजार उपकरण(ड्याङ /रिज मेकर, फलामे हलो, कुटो, कोदालो)
४. साना सिँचाइ कार्यक्रम (माटो सिमेन्ट पोखरी, पाईप)
५. बाली संरक्षण सेवा (विषादी, स्प्रे ट्याङ्कि)

घ) **सञ्चालन प्रक्रिया :-** गत आ.व. २०८१ ।८२ मा आलु पकेट विकास कार्यक्रममा छनोट भइ कार्यक्रम सञ्चालन गरेको समूहका लागि सूचना प्रकाशन गरिनेछ र आएको निवेदन तथा कार्ययोजना सहितको प्रस्ताव हेरी कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह) छनोट गरी निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात् लाभग्राहीले कम्तीमा ५०% (पचास प्रतिशत) लागत सहभागिता हुनेगरी कृषि विकास शाखा तथा कार्यालयसँग सम्झौता गर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङ्कन (संरचना निर्माणको हकमा), सम्बन्धित वडा कार्यालयको अनुगमन मूल्याङ्कन प्रतिवेदन, वडाको भुक्तानी सिफारिस पत्र तथा कृषि विकास शाखाको सिफारिसको आधारमा मात्र लाभग्राहीलाई बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ ।

ङ) **अनुदान रकम र अधिकतम सीमा:-**
१. कृषकलाई तालिम शत प्रतिशत अनुदानमा उपलब्ध गराउने ।
२. अन्य संरचना निर्माण तथा खरिद सामग्री खर्चमा ५०% अनुदानमा उपलब्ध गराउने ।
३. कृषक समूह सँग अधिकतम रु २,००,००० ।साझेदारी गर्न सकिनेछ ।
४. उक्त कार्यक्रम सञ्चालनका लागि रकम तथा सामग्री साझेदारीका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले पनि साझेदारी गर्न सक्नेछन् ।
५. छनोट भएका समूह वा सहकारीले तोकिएका क्रियाकलापहरु सञ्चालन हुनेगरि वीरेन्द्रनगर नगरपालिका सँग सम्झौता गरी सोही अनुरुप कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
६. सम्झौता अनुरुपको काम सम्पन्न पश्चात् अनुदान बापतको पचास प्रतिशत रकम एकमुष्ट रुपमा समूह सहकारीको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

च) **न्यूनतम मापदण्ड:-**
१. गत आ.व. २०८१ ।०८२ को आलु पकेट पकेट विकास कार्यक्रममा समावेश भएको कृषक समूह ।
२. कार्यक्रम सञ्चालन एउटै कलस्टर, टोल वा समूहमा सञ्चालन हुनेछ ।
३. संरचना निर्माण तथा खरिद सामग्रीहरूमा कृषकको लागत साझेदारी ५०% अनिवार्य हुनेछ ।
४. सूचना प्रकाशन पछि कृषक समूहका लाभान्वित कृषकका लागि आर्थिक विकास समिति तथा निर्देशक समितिको निर्णय सँगै वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ ।
५. सामूहिक वा एउटै कलस्टरमा रहेका कृषकलाई समेटेर समूहले कम्तीमा १ हेक्टर जमिनमा आलु खेती गर्नुपर्नेछ ।
६. विगत वर्ष देखि व्यावसायिक रूपमा आलु खेती गरिरहेका र सम्भव भएसम्म गत आ.व. को कार्यक्रममा नसमेटिएका कृषक लाभान्वित हुने गरि समूहले कृषक छनोट गरि पठाउनु पर्नेछ ।

४. **कार्यक्रमको नामः व्यवसायिक च्याउ प्रवर्द्धन कार्यक्रम**

क) **कार्यक्रम सञ्चालन हुने वडाहरुः २, ३ र १२**

ख) **उद्देश्यः**
१. च्याउ उत्पादन वृद्धि गरी नगरलाई च्याउमा आत्मनिर्भर गराउने
२. आधुनिक र प्रविधि मैत्री च्याउ खेती प्रविधि लाई प्रवर्द्धन गरि च्याउ खेतीलाई व्यवसायिक र आधुनिकिरकण प्रविधि मैत्री वनाउने ।

ग) **प्रमुख क्रियाकलाप**
१. च्याउको बिउ वितरण कार्यक्रम ।
२. च्याउ खेतीका लागि आवश्यक पूर्वाधार तथा संरचना निर्माण (पक्की तथा कच्ची टनेल निर्माण, टनेलका लागि प्लास्टिक)
३. आवश्यक आधुनिक मेशनेरी औजार (च्याफकटर,पराल बफाउने ड्रम वा अन्य स्वचालित तापक्रम व्यवस्थापन गर्ने यन्त्र उपकरण)
४. च्याउ खेती प्रविधि सम्बन्धी कृषक क्षमता विकास तालिम ।

घ) **सञ्चालन प्रक्रिया:-** सम्बन्धित तोकिएका वडाका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरूको छनोट वडा समिति सँगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभग्राही (निजी कृषि उद्यमी,कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गतका समूहहरू ) छनोट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र निर्देशक समिति मार्फत निर्णय भए पश्चात् लाभग्राहीले कम्तीमा ५०% (पचास प्रतिशत) लागत सहभागिता हुने गरी कृषि विकास शाखा तथा कार्यालय सँग सम्झौता गर्नेछ र सम्झौता बमोजिम काम सम्पन्न पछि प्राविधिक अनुगमन मूल्याङ्कन तथा योजना अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन मूल्याङ्कन र

| | |
|---|---|
| | सम्बन्धित वडा कार्यालयको भुक्तानी सिफारिस पत्रको आधारमा मात्र लाभग्राहीलाई बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. अधिकतम प्रति निजी कृषि उद्यमी, कृषक समूह र कृषि सहकारी भएमा रु.१,००००० I-(एक लाख) रुपैयाँ मात्र ।<br>२. निजी कृषि उद्यमी, कृषक समूह र कृषि सहकारीहरूले लागत सहभागीता बापत ५०% (पचास प्रतिशत) रकम लागत साझेदारी गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |
| | **च) न्यूनतम मापदण्डः**<br>१. प्राविधिक दृष्टिकोणले कन्य च्याउ उत्पादनका लागि उपयुक्त वातावरण हुनुपर्नेछ।<br>२. कम्तीमा ३०० के.जी. च्याउको बिउ प्रयोग गरि खेती गरिरहेको हुनुपर्नेछ ।<br>३. कृषक समूह वा कृषि सहकारीलाई पहिलो प्राथमिकतामा राखिनेछ ।<br>४. व्यक्तिगत फर्मको हकमा वडामा दर्ता/नवीकरण भएको हुनुपर्ने।<br>५. खेती गरिरहेको वा खेती गर्न चाहने इच्छुक कृषक,कृषक समूह, निजी कृषि उद्यमी फर्महरू हुनुपर्नेछ ।<br>६. प्राविधिक रूपमा च्याउ खेतीका लागि आवश्यक ज्ञान सीप वा तालिम लिएको हुनुपर्नेछ । |
| ५. | **कार्यक्रमको नामः महको गुणस्तरीय बजारिकरणका लागि प्याकेजिङ, लेबलिङ तथा ब्रान्डिङ** |
| | **क) कार्यक्रम सञ्चालन हुने वडाहरुः ११,१२ लगाएत अन्य मौरीपालन गरिरहेका** वडाका कृषकहरु |
| | **ख) उद्देश्यः**<br>१. उत्पादन भएको महलाई वजारिकरणका प्याकेजिङ्क लेवलिङ तथा व्रान्डिङ गरि महको वजारिकरणमा सहयोग गर्ने ।<br>२. वीरेन्द्रनगरमा महलाई बजारिकरण गरि महको आयात घटाउदै निर्यात प्रवर्द्धन गर्ने । |
| | **ग) प्रमुख क्रियाकलाप**<br>1. मह बजारिकरण गर्नका लागि मह प्याकिङ तथा लेवलिङ (वीरेन्द्रनगरको लोगो सहित स्थानीय उत्पादन झल्किने प्रकारको प्याकिङ) ।<br>२. मह प्रशोधनका लागि आवश्यक सामग्रीहरू (मह मदानी, बाल्टी, चक्कु, मह छान्ने जाली ) । |



| | |
|---|---|
| | ३. महको गुणस्तरिय उत्पादनका लागि कृषक तालिम ।<br>४. महको गुणस्तर सुधारका लागि आवश्यक सामग्री (सिल प्याक मेशीन, स्टिकर, तराजु, टोपी, पञ्जा, ब्रस)<br>५. महको उपयोगिता सम्बन्धी प्रचार प्रसारका लागि होडिङ बोर्ड । |
| | **घ) सञ्चालन प्रक्रिया :-** सम्बन्धित तोकिएका वडा नं. ११ र १२ सहित अन्य मौरीपालन व्यवसाय गरिरहेका वडाका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको छनोट वडा समिति सँगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभग्राही (निजी कृषि उद्यमी ,कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गतका समूहहरू) छनोट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र निर्देशक समिति मार्फत निर्णय भए पश्चात् आवश्यक मागको आधारमा कार्यालयले माथि उल्लिखित बजारिकरण सहयोग सामग्रीहरू खरिद गरि कृषकको ५०% लागत सहभागीता हुने गरी कृषकलाई वितरण गरि सामग्री आपूर्तिकर्तालाई ५०% रकम बैक खाता मार्फत कार्यालयले भुक्तानी दिनेछ भने ५०% रकम आपूर्तिकर्तालाई कृषक स्वयम् वा कृषकबाट ५०% रकम संकलन गरी कृषि शाखाको कर्मचारी मार्फत भुक्तानी गरिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. अधिकतम प्रति कृषक समूह वा निजी कृषि उद्यमीहरूका लागि बजारिकरण सामग्रीको लागि ५०% लागत साझेदारी हुनेछ भने कृषक तालिम तथा प्रचार प्रसारको होडिङ बोर्ड राख्ने कार्य शत प्रतिशत वीरेन्द्रनगर नगरपालिकाको खर्चमा कार्यक्रम सञ्चालन हुनेछ।<br>२. स्वीकृत स्टमेट बमोजिमका सामग्री खरिद तथा वितरणका लागि सम्झौता अनुरूप काम सम्पन्न पश्चात् ५०% रकम सम्झौता गर्ने फर्म वा समूहको बैंक खाता मार्फत भुक्तानी हुनेछ । |
| | **च) न्यूनतम मापदण्डः**<br>१. वीरेन्द्रनगर नगरपालिकाका इच्छुक कृषक समूह, कृषि सहकारी तथा निजी उद्यमीका लागि कार्यक्रम संचालन हुनेछ ।<br>२. आधुनिक प्रविधिबाट मौरीपालन गरिरहेका वा व्यावसायिक रूपमा मह उत्पादन गरिरहेको मौरी पालन कृषक समूह वा निजी उद्यमी हुनुपर्नेछ।<br>३. वार्षिक रूपमा ५०० के.जी. भन्दा बढी मह उत्पादन तथा बजारिकरण गरिरहेको स्थानीय उत्पादक (कृषक समूह वा निजी फर्म) सँग सम्झौता गरी बजारिकरणको कार्य तोकिएका वडाका कृषक लाभान्वित हुने गरि उक्त समूह वा फर्मले कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । |

| | |
|---|---|
| | ४. मौरीको मह उत्पादनका लागि विगत वर्षहरू देखि लगातार रूपमा मह उत्पादन गरिरहेको फर्म समूह वा सहकारी हुनु पर्नेछ ।<br>५. परम्परागत रूपमा मौरी पालन गर्ने कृषक, कृषि समूह र कृषि सहकारीलाई पहिलो प्राथमिकतामा राखी सामग्री वितरण गर्नुपर्नेछ । |
| ६. | **कार्यक्रमको नामः** हिउँदे तथा बसन्ते मकै प्रवर्द्धन कार्यक्रम |
| | **क) कार्यक्रम सञ्चालन हुने वडाहरुः** वडा नं. १-१३ |
| | **ख) उद्देश्यः**<br>१. हिउँदे मकै खेतीको क्षेत्र विस्तार गर्ने ।<br>२. वीरेन्द्रनगर भित्र खाद्यान्न आयात कम गरि व्यावसायिक रूपमा मकै बालीको उत्पादनमा वृद्धि गर्ने। |
| | **ग) प्रमुख क्रियाकलाप**<br>१. मकैको बिउ वितरण कार्यक्रम,<br>२. मकैका लागि बाली संरक्षण का लागि आवश्यक सामग्री वितरण (विषादी, स्प्रे ट्याङ्की) ।<br>३. कृषि यान्त्रिकरणमा सहयोग (सिड ड्रिलर,कन्सेलर,जय्पा सिडर)<br>४. बिउ उत्पादन तथा भण्डारणको लागि अन्य आवश्यक सामग्रीहरू (त्रिपाल, सुपरग्रिन ब्याग, मेटल विन) । |
| | **घ) सञ्चालन प्रक्रिया :** हिउँदे मकै खेती प्रवर्द्धनका लागि मकैको बिउ तथा आवश्यक सामग्री मागका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको कृषि विकास शाखाले मूल्याङ्कन गरि सम्भाव्य ठाउँ तथा कृषकको लागि बिउ तथा सामग्री उपलब्ध गराउनका लागि कार्यालयले बिउ तथा सामग्री खरिद गरि वितरण गर्नेछ र आपूर्ति कर्तालाई बैंक खाता मार्फत रकम भुक्तानी गरिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमा**<br>१. कृषकलाई मकै बिउ निःशुल्क उपलब्ध गराइनेछ भने माग अनुरूपका अन्य सामग्रीहरूको हकमा ५०% (पचास प्रतिशत) सह लगानीमा उपलब्ध गराइनेछ। |
| | **च) न्यूनतम मापदण्डः**<br>१. अगुवा कृषक समूह, कृषि सहकारी तथा निजी उद्यमीहरूलाई प्राथमिकतामा राखिनेछ ।<br>२. विगत वर्ष देखि हिउँदे मकै खेती गरिरहेका र गर्न चाहने कृषक हुनु पर्नेछ ।<br>३. कम्तीमा १ कट्ठा क्षेत्रफलमा हिउँदे मकै खेती गर्नुपर्ने ।<br>४. हिउँदे मकै खेतीका लागि उपयुक्त हावापानी भएको क्षेत्र हुनु पर्नेछ । |

| | |
|---|---|
| | ५. शाखाबाट प्राविधिकहरू सम्भावित क्षेत्र वा टोलमा गई प्रविधि सहित प्रशिक्षण गरी बिउ वितरण गर्न सकिनेछ । |
| ७. | **कार्यक्रमको नामः** कौसी खेती तालिम |
| | **क) तालिममा सहभागी हुने कृषक वडाहरुः** ६,७ र ८ |
| | **ख) उद्देश्य**<br>१. बढ्दो सहरीकरणलाई मध्यनजर गरि उपयुक्त प्रविधिबाट कौसीमा खेती गरी हरियाली शहरको रूपमा विकास गर्नु ।<br>२. शहरी पोषणमा सुधार ल्याउने । |
| | **ग) प्रमुख क्रियाकलाप**<br>१. कौशी खेती प्रविधि सम्बन्धी तालिम सञ्चालन ।<br>२. कौसी खेतीका लागि आवश्यक सामग्रीहरु (स्प्रेयर, हजारी, कम्पोस्ट विन, आदि) ।<br>३. सिँचाई सामग्रीहरू (ड्रम, गार्डेन पाईप, मोटर, थोपा सिँचाइ सेट) |
| | **घ) सञ्चालन प्रक्रिया :-** सम्बन्धित तोकिएका वडा नं ६,७ र ८ नं वडा कार्यालयलाई सहभागी एवम् लाभ ग्राही छनोटको लागि कृषि विकास शाखाबाट पत्राचार वा सूचना गरिनेछ र वडाले कृषक छनोट तथा सिफारिस गरि शाखामा पठाउनु पर्ने छ । यसरी छनोट तथा सिफारिस भई आएका कृषकलाई तालिममा सहभागी गराइनेछ। तालिम कार्यक्रम अन्य कुनै संघ संस्था सँग पनि सहकार्य गरेर सञ्चालन गर्न सकिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमा**<br>१. तालिम निःशुल्क रूपमा उपलब्ध गराउनुपर्नेछ ।<br>२. अन्य सामग्रीहरूको हकमा प्रति कृषक बढीमा रु.५,००० ।– (पाँच हजार) बराबरको सामग्री तालिममा सहभागी भएका कृषकलाई १००% अनुदानमा उपलब्ध गराउनुपर्नेछ।<br>३. तालिम सञ्चालन गर्दा कृषकलाई नियमानुसार खाजा/खाना, स्टेशनरी तथा यातायात खर्च उपलब्ध गराइनेछ । |
| | **च) न्यूनतम मापदण्डः**<br>१. वडा नं ६, ७ र ८ का कृषकहरू छनोटका लागि कृषि विकास शाखाले वडा कार्यालयलाई पत्राचार गर्नेछ र वडाले छनोट गरि कृषि विकास शाखालाई सिफारिस गर्नेछ । |

| | |
|---|---|
| | २. कौसी खेती गरिरहेका तर विगत वर्षहरू देखि तालिम तथा सामग्रीहरू प्राप्त नगरेका कृषकहरू लाई प्राथमिकतामा राखी वडा कार्यालयले सिफारिस गर्नेछ ।<br>३. सम्भव भएसम्म एउटै टोलका कृषकहरूलाई समावेश गर्नुपर्नेछ । |
| | **कार्यक्रमको नामः ५० प्रतिशत अनुदानमा तरकारी बिउ वितरण (हिउँदे तथा बसन्ते)** |
| | **क) कार्यक्रम सञ्चालन हुने वडाहरुः** नगरपालिका सबै क्षेत्र |
| | **ख) उद्देश्यः**<br>१. तरकारीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।<br>२. पोषणमा सुधार ल्याउनु ।<br>३. कृषकलाई व्यावसायिक बनाउनमा प्रोत्साहन गर्नु । |
| | **ग) प्रमुख क्रियाकलाप**<br>१. हिउँदे तथा बसन्ते मौसमका तरकारीका हाईब्रिड तथा उन्नत जात खरिद तथा कृषकलाई वितरण । |
| | **घ) सञ्चालन प्रक्रिया :** हिउँदे वा बसन्ते जातका तरकारीका हाईब्रिड तथा उन्नत जात खरिदका लागि शाखाले सम्पूर्ण खरिद प्रक्रिया पुऱ्याइ खरिद गरि व्यावसायिक तरकारी खेती गरिरहेका कृषकहरूलाई समूह तथा सहकारीमा गई स्थलगत रूपमै गएर शाखाले वितरण गर्न सक्नेछ वा कृषि शाखाबाटै पनि वितरण गर्न सकिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमा**<br>१. तरकारी बिउ ५०% अनुदानमा कृषकलाई उपलब्ध गराइनेछ । |
| | **च) न्यूनतम मापदण्डः**<br>१. महिला समूह, विपन्न वर्ग, फरक क्षमता भएका कृषि पेशामा आबद्ध कृषकहरूलाई प्राथमिकतामा राखिनेछ ।<br>२. व्यावसायिक कृषकहरूलाई पनि समेटिनेछ । |
| ग | **साना सिँचाइ कार्यक्रम** |
| १. | **कार्यक्रमको नामः** साना सिँचाइ अन्तर्गत मोटर, पम्पसेट अनुदानमा वितरण |
| | **क) कार्यक्रम सञ्चालन हुने वडाहरुः १-१३** |
| | **ख) उद्देश्यः**<br>१. सिँचाइ सुविधा विस्तार गरि बालीको उत्पादनमा वृद्धि गर्नु । |
| | **ग) प्रमुख क्रियाकलाप**<br>१. साना सिँचाइ अन्तर्गत मोटर पम्पसेट मागका लागि कम्तीमा १५ दिने सूचना प्रकाशन । |

| | |
|---|---|
| | २. कृषि विकास शाखा र आर्थिक विकास समितिले मापदण्ड भित्र रहि कृषक छनोट गर्ने ।<br>३. सिँचाइका लागि पानी तान्ने मोटर, पम्पसेट खरिद गरि ५०% अनुदानमा कृषि विकास शाखा बाट वितरण गर्ने । |
| | **घ) सञ्चालन प्रक्रिया**<br>सम्बन्धित तोकिएका वडाका लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको छनोट वडा समिति सँगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभ ग्राही (निजी कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गतका समूहहरू) छनोट गरि निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र निर्देशक समिति मार्फत पनि निर्णय भए पश्चात् आवश्यक मागको आधारमा कार्यालयले माथि उल्लिखित सामग्रीहरू खरिद गरि कृषकको ५०% लागत सहभागीता हुनेगरी कृषकलाई वितरण गरी सामग्री आपूर्ति कर्तालाई ५०% रकम बैंक खाता मार्फत कार्यालयले भुक्तानी दिनेछ भने ५०% रकम आपूर्ति कर्तालाई कृषक स्वयम् वा कृषक बाट ५०% रकम संकलन गरी कृषि विकाश शाखाको कर्मचारी मार्फत भुक्तानी गरिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. प्रति कृषक कम्तीमा रु.५,००० ।- सम्मको सामग्री वितरण गरिनेछ ।<br>२. सामग्रीहरुको मुल्यमा ५०% अनुदान उपलब्ध गराईनेछ । |
| | **च) न्यूनतम मापदण्डः**<br>१. महिला तथा विपन्न कृषक समूह वा कृषि सहकारी सहकारीलाई प्राथमिकतामा राखिनेछ ।<br>२. व्यक्तिगत फर्मको हकमा व्यवसाय वडामा दर्ता/ नवीकरण/ कर चुक्ता भएको हुनुपर्ने ।<br>३. समूह तथा सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र ।<br>४. आर्थिक विकास समिति तथा स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति (निर्देशक समिति) को निर्णय बमोजिम छनोट भएका कृषक, कृषक समूह तथा कृषि सहकारीहरूलाई मोटर तथा पम्पसेट खरिद गरी वितरण गरिनेछ ।<br>५. सोही प्रकृतिको अनुदान रकम वा कार्यक्रम चालू आ.व. मा अन्य कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट नलिएको कृषक हुनुपर्नेछ । |
| २. | कार्यक्रमको नामः साना सिँचाइ अन्तर्गत सिँचाइ पाईप अनुदानमा वितरण |
| | क) कार्यक्रम सञ्चालन हुने वडाहरुः १-१६ |

| | |
|---|---|
| | ख) उद्देश्य<br>१. सिंचित क्षेत्र विस्तार गरि बालीको उत्पादनमा वृद्धि गर्नु । |
| | ग) प्रमुख क्रियाकलाप<br>१. साना सिँचाइका लागि पाइप मागका लागि कम्तीमा १५ दिने सूचना प्रकाशन गर्ने ।<br>२. कृषि विकास शाखा र आर्थिक विकास समितिले मापदण्ड भित्र रहि कृषक छनोट गर्ने ।<br>३. सिचाँईका लागि पाइप खरिद गरि ५०% अनुदानमा कृषि विकास शाखा मार्फत कृषकलाई वितरण गर्ने । |
| | घ) सञ्चालन प्रक्रिया :-.सम्बन्धित तोकिएका वडाहरूको लागि सूचना प्रकाशन गरिनेछ र आएका निवेदनहरुको छनोट वडा समिति सँगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभग्राही (निजी कृषि उद्यमी ,कृषक समूह, कृषि सहकारी वा सहकारी अन्तर्गतका समूहहरू) छनोट गरी निर्देशक समिति मार्फत अन्तिम निर्णयका लागि पेस गरिनेछ र निर्देशक समिति मार्फत निर्णय भए पश्चात् आवश्यक मागको आधारमा कार्यालयले माथि उल्लिखित सामग्रीहरू खरिद गरी कृषकको ५०% लागत सहभागीता हुने गरी कृषकलाई वितरण गरी सामग्री आपूर्ति कर्तालाई ५०% रकम बैक खाता मार्फत कार्यालयले भुक्तानी दिनेछ भने ५०% रकम आपूर्ति कर्तालाई कृषक स्वयम् वा कृषकबाट ५०% रकम संकलन गरी कृषि शाखाको कर्मचारी मार्फत भुक्तानी गरिनेछ । |
| | ङ) अनुदान रकम र अधिकतम सीमाः<br>१. पाईपको मूल्यमा ५०% अनुदान उपलब्ध गराइनेछ । |
| | च) न्यूनतम मापदण्डः<br>१. महिला तथा विपन्न कृषक समूह वा कृषि सहकारीलाई प्राथमिकतामा राखिनेछ ।<br>२. व्यक्तिगत फर्मको हकमा व्यवसाय वडामा दर्ता/नवीकरण/कर चुक्ता भएको हुनुपर्ने ।<br>३. समूह तथा सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र ।<br>४. आर्थिक विकास समिति तथा स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति (निर्देशक समिति) को निर्णय बमोजिम छनोट भएका कृषक, कृषक समूह तथा कृषि सहकारीहरूलाई पाइप खरिद गरी वितरण गरिनेछ । |

| | |
|---|---|
| | ५. सोही प्रकृतिको अनुदान रकम वा कार्यक्रम चालू आ. व. मा अन्य कुनैपनि सरकारी वा गैर सरकारी निकायबाट नलिएको तथा नलिने स्व-घोषणा पत्र । |
| घ | आकस्मिक रोग किरा नियन्त्रणका लागि बाली संरक्षण |
| १ | कार्यक्रमको नामः आकस्मिक रोग किरा नियन्त्रणका लागि बाली संरक्षण |
| | क) कार्यक्षेत्र : नगरपालिका भित्र |
| | ख) उद्देश्यः<br>१. विभिन्न वालीमा आकस्मिक रुपमा लाग्ने रोग तथा किराहरुको व्यवस्थापन गरी विभिन्न बालीहरुको उत्पादन वढाउन । |
| | ग) प्रमुख क्रियाकलाप<br>१. विभिन्न बालीहरूमा लाग्ने रोग तथा किराहरु नियन्त्रणका लागि रासायनिक तथा जैविक विषादी,हर्मोन, भिटामिन तथा फेरोमेन ट्रयाप र ल्यूरहरु वितरण गर्ने ।<br>२. विषादी छर्कने प्रयोगका लागि स्प्रे टयाङ्कि तथा एप्रोन वितरण गर्ने । |
| | घ) सञ्चालन प्रक्रिया<br>विभिन्न मौसममा बाली संरक्षणका लागि कृषकको मागको आधारमा क्रियाकलापमा उल्लिखित आवश्यक सामग्रीहरू खरिद गरी वितरण गरिनेछ । |
| | ङ) अनुदान रकम र अधिकतम सीमाः शत प्रतिशत अनुदानमा आवश्यक जैविक/रासायनिक विषादी वितरण गरिनेछ । |
| | च) न्यूनतम मापदण्डः<br>१. आकस्मिक रूपमा बालिमा देखिने रोग तथा किराले बालि हानी नोक्सानी गरेको हुनुपर्नेछ ।<br>२. सामूहिक रुपमा माग भएमा कृषक समूह, सहकारीको हकमा दर्ता/नवीकरण/कर चुक्ता भएको हुनुपर्ने ।<br>३: समूह तथा सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपि वा सदस्यलाई गरेको सिफारिस पत्र (धैरै परिमाणको हकमा मात्र) । |
| ङ | प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम |
| १ | कार्यक्रमको नामः जैविक/गड्यौली मल वितरण |
| | क) कार्यक्रम सञ्चालन हुने क्षेत्र : वीरेन्द्रनगर नगरपालिका सबै |
| | ख) उद्देश्यः<br>१. जैविक तथा गडयौलि मलको प्रयोग गरी प्राङ्गारिक खेती विस्तार गर्न ।<br>२. गड्यौली मल उत्पादक/प्रयोग गर्ने कृषकलाई प्रोत्साहन गर्नु । |
| | ग) प्रमुख क्रियाकलाप<br>१. ५०% (पचास प्रतिशत) अनुदानमा गड्यौली तथा जैविक मल वितरण । |

| | |
|---|---|
| | **घ) सञ्चालन प्रक्रिया :** वीरेन्द्रनगर भित्रका स्थानीय उत्पादकसँग मल खरिद गरी कृषकलाई ५०% अनुदानमा वितरण गरी आपूर्ति कर्तालाई ५०% रकम बैंक खाता मार्फत भुक्तानी गरिनेछ भने ५०% रकम कृषक स्वयम् वा कृषकबाट संकलन गरी कृषि विकास शाखाका कर्मचारीबाट भुक्तानी गरिनेछ । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमा:**<br>१. जैविक तथा गड्यौली मल ५०% (पचास प्रतिशत) कृषकहरूको लागत साझेदारीमा वितरण गरिनेछ । |
| | **च ) न्यूनतम मापदण्ड:**<br>१. प्राङ्गारिक खेती गरिरहेका र गर्न इच्छुक कृषक, कृषक समूह तथा कृषि सहकारीहरूलाई कार्यक्रममा प्राथमिकतामा राखिनेछ ।<br>२.कृषक समूह, सहकारीको हकमा दर्ता/नवीकरण/कर चुक्ता भएको हुनुपर्ने,<br>३.फर्मको हकमा वडामा व्यवसाय दर्ता/नवीकरण/कर चुक्ता भएको हुनुपर्ने,<br>४.समूह तथा सहकारीको हकमा कार्य समितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र । |
| २ | **कार्यक्रमको नाम:** प्राङ्गारिक खेती प्रवर्द्धनका लागि जैविक विषादी लगाएत अन्य सामग्री वितरण |
| | **क) कार्यक्रम सञ्चालन हुने वडा : नगरपालिकाका सवै वडा** |
| | **ख) उद्देश्य**<br>१. प्राङ्गारिक खेती प्रवर्द्धन गर्नु ।<br>२. रासायनिक विषादीको प्रयोग न्यूनिकरण गर्नु । |
| | **ग) प्रमुख क्रियाकलाप**<br>१. प्राङ्गारिक खेती प्रवर्द्धनका लागि जैविक विषादी तथा अन्य सामग्री (स्प्रेयर, एप्रोन, हर्मोन, भिटामिन,ई एम) वितरण ।<br>२. प्राङ्गारिक खेती प्रवर्द्धनका लागि ढैचा बिउ वितरण लगायत झोल मल निर्माणका लागि सामग्री (प्लास्टिक ड्रम, डिकम्पोजर आदि) वितरण । |
| | **घ) सञ्चालन प्रक्रिया :-** सम्बन्धित सम्भावित वडाका लागि सूचना प्रकाशन गरी माग संकलन गरिनेछ र लाभग्राही छनोटका लागि सम्बन्धित वडा समिति सँगै कृषि विकास शाखा तथा आर्थिक विकास समिति मार्फत छनोट मापदण्डका आधारमा लाभग्राही (कृषक समूह, कृषि सहकारी वा फर्म) छनोट गरी लाभग्राहीको कम्तीमा ५०% (पचास प्रतिशत) लागत सहभागिता गराई छनोट भएका कृषक, समूह, सहकारीलाई कृषि विकास शाखाले सामग्री हस्तान्तरण गर्नेछ भने ढैचा खेतीका लागि ढैचा बिउ निःशुल्क रूपमा उपलब्ध गराइनेछ। कार्यक्रम सञ्चालनका लागि |

| | |
|---|---|
| | आवश्यक सामग्री तथा बिउ कृषि विकास शाखा तथा कार्यालयले खरिद गरी कृषकलाई उपलब्ध गराउनेछ । |
| | **घ) अनुदान रकम र अधिकतम सीमा:**<br>१. कृषक, कृषक समूह,कृषि सहकारी, निजी कृषि उद्यमीहरूलाई जैविक विषादी तथा अन्य सामग्रीको हकमा ५०% (पचास प्रतिशत) अनुदानमा उपलब्ध गराइनेछ भने ढैचा बिउको हकमा प्रदर्शनी स्वरूप शत प्रतिशत अनुदानमा ढैचा बिउ उपलब्ध गराइनेछ । |
| | **ङ) न्यूनतम मापदण्ड:**<br>१. प्राङ्गारिक उत्पादन गरिरहेका नियमित कृषि कार्यमा संलग्न कृषक समूह तथा कृषि सहकारीहरूलाई कार्यक्रममा प्राथमिकतामा राखिनेछ ।<br>२. कृषक समूह, सहकारीको हकमा दर्ता/नवीकरण/कर चुक्ता भएको हुनुपर्ने,<br>३. फर्मको हकमा वडामा व्यवसाय दर्ता/नवीकरण/कर चुक्ता भएको हुनुपर्ने,<br>४. समूह तथा सहकारीको हकमा कार्य समितिको निर्णय प्रतिलिपि तथा सदस्यलाई गरेको सिफारिस पत्र ।<br>५. ढैचा खेती प्रदर्शनीका लागि सम्भव भएसम्म एउटै कलस्टरमा रहेका कृषकलाई प्राथमिकता दिइनेछ । |
| ३ | **कार्यक्रमको नाम:** विषादीको सहि सदुपयोग तथा प्रयोग न्यूनिकरणका लागि कृषकहरुलाई अभिमुखीकरण कार्यक्रम |
| | **क) कार्यक्रम सञ्चालन हुने वडा :- नगरपालिकाका सवै वडा** |
| १ | **ख) उद्देश्य**<br>१. प्राङ्गारिक खेती प्रवर्द्धन गर्नु ।<br>२. रासायनिक विषादीको प्रयोग न्यूनिकरण गर्नु ।<br>३. विषादीको नकारात्मक प्रभाव बारे कृषकलाई सचेत बनाउनु । |
| | **ग) प्रमुख क्रियाकलाप**<br>१. विषादीको सहि सदुपयोग तथा प्रयोग न्यूनिकरण सम्बन्धमा १ दिने स्थलगत अभिमुखीकरण कार्यक्रम ।<br>२. जैविक विषादी तथा झोल मल निर्माण सामग्री निःशुल्क वितरण । |
| | **घ) सञ्चालन प्रक्रिया :-** व्यावसायिक रूपमा तरकारी खेती गरिरहेका वडा तथा वडाका टोल, समूह, सहकारी सँग समन्वय गरी शाखाले स्थलगत अनुगमन गरी सम्भावित स्थानमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ । |
| | ङ) अनुदान रकम र अधिकतम सीमा: |

| | |
|---|---|
| | कृषकलाई अभिमुखीकरण कार्यक्रमंमा नियमानुसार स्टेशनरी, खाना वा खाजा उपलब्ध गराउने र सहभागीहरूलाई जैविक विषादी तथा झोल मल निर्माण सामग्रीहरु निःशुल्क रूपमा उपलब्ध गराउने । |
| | च) न्यूनतम मापदण्डः<br>१. व्यावसायिक रुपमा तरकारी उत्पादन गरिरहेका नियमित कृषि कार्यमा संलग्न कृषक समूह तथा कृषि सहकारीहरूसँग समन्वय गरी लाभग्राही कृषि विकास शाखाले छनोट गर्नेछ । |
| २ | कार्यक्रमको नामः द्रुत विषादी विश्लेषण कार्यक्रमलाई थप सहयोग (बैठक तथा अनुगमन) |
| | क) कार्यक्षेत्र :- बुलबुले तरकारी बजारमा रहेको द्रुत विषादी विश्लेषण प्रयोगशाला तथा वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुर्खेत । |
| | ख) उद्देश्यः<br>१. वीरेन्द्रनगर नगरपालिकामा भित्रिने तरकारी तथा फलफूलमा देखिने विषादीलाई थप प्रभावकारी तरिकाले नियमन तथा नियन्त्रण गर्नु । |
| | ग) प्रमुख क्रियाकलाप<br>१. सरोकारवाला सँग बैठक तथा फिल्ड अनुगमन |
| | घ) सञ्चालन प्रक्रिया<br>वीरेन्द्रनगर नगरपालिका बुलबुले तरकारी हाट बजार भित्र रहेको द्रुत विषादी विश्लेषण प्रयोगशालामा भइरहेको विषादी चेकजाँच लाई थप प्रभावकारी बनाउन सरोकारवाला निकायसँग पटक पटक बैठक तथा छलफल गरिनेछ र आवश्यकता बमोजिम स्थलगत अनुगमन गरिनेछ । |
| | ङ) अनुदान रकम र अधिकतम सीमाः<br>कार्यक्रम सञ्चालन गर्दा बैठक सञ्चालनमा बैठक भत्तामा नियमानुसार खर्च गरिनेछ र स्थलगत अनुगमन गर्नुपर्ने अवस्थामा अनुगमन खर्च गर्न सकिनेछ । |
| | च) न्यूनतम मापदण्डः<br>सरोकारवाला निकायसँग परस्पर समन्वय तथा सहकार्य गरिनेछ । |
| ३. | कार्यक्रमको नामः कृषिजन्य उत्पादन सामग्री ढुवानी कार्यक्रम |
| | क) कार्यक्षेत्र :- नगरपालिका सबै क्षेत्र |
| | ख) उद्देश्यः<br>१. कृषकहरुको माग अनुसार विभिन्न कृषि जन्य सामग्रीहरूको ढुवानी गर्नु । |

| | |
|---|---|
| | २. कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रमहरूको सामग्री खरिद भएका सामग्रीहरू ढुवानी गर्नु । |
| | ग) प्रमुख क्रियाकलाप<br>१. कृषकहरूको माग अनुसार विभिन्न कृषिजन्य सामग्रीहरू सम्बन्धित स्थानबाट वीरेन्द्रनगर नगरपालिका कार्यालय वा सम्बन्धित कृषकहरूको टोलसम्म ढुवानी गर्नुपर्नेछ ।<br>२. वीरेन्द्रनगर नगरपालिकाले खरिद गरेका सामग्रीहरू खरिद गरेको स्थानबाट नगरपालिका वा सम्बन्धित कृषकहरूको वडा टोलसम्म ढुवानी गर्नुपर्नेछ । |
| | घ) सञ्चालन प्रक्रिया<br>नगर कृषि विकास शाखाबाट सञ्चालन हुने सबै प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा सामग्री ढुवानी गर्नुपर्ने अवस्थामा ढुवानी गर्न सकिनेछ । |
| | ङ) अनुदान रकम र अधिकतम सीमाः<br>१. कार्यक्रम सञ्चालनका लागि शत प्रतिशत अनुदानमा सामग्रीहरू ढुवानी गर्नु पर्नेछ ।<br>२. यस चालु आ.व.२०८२ ।०८३ का सबै कार्यक्रम सञ्चालनका लागि अधिकतम बजेट रु. १,००,००० (एक लाख) हुनेछ । |
| | च) न्यूनतम मापदण्डः<br>१. वार्षिक स्वीकृत कार्यक्रम हुनु पर्नेछ ।<br>२. कार्यक्रम सञ्चालनमा ढुवानी गर्नुपर्ने सामग्री खरिदको लागि कार्यालयले खरिद आदेश स्वीकृत गरेको हुनुपर्नेछ ।<br>३. कुनै सामग्रीहरू कार्यालयबाट खरिद नभइ कृषकहरूको माग बढी आएको सन्दर्भमा सोझै ढुवानी गर्न सकिनेछ ।<br>४. संघ, प्रदेश वा स्थानीय तह लगाएतका कार्यक्रमहरू सञ्चालनका लागि समेत खर्च गर्नुपर्नेछ । |
| ५. | कार्यक्रमको नामः कृषक समूह गठन तथा नवीकरण |
| | क) कार्यक्षेत्र :- नगरपालिका सबै |
| | ख) उद्देश्य<br>१. कृषक समूह दर्ता तथा नवीकरण गर्नु ।<br>२. कृषि प्रविधि प्रचार प्रसारको लागि कृषकलाई एकीकृत गर्नु ।<br>३. कृषिजन्य सामूहिक कार्यका लागि उत्प्रेरित गर्नु ।<br>४. कृषकको नेतृत्व तथा क्षमता विकास गर्नु । |
| | ग) समूह गठन प्रक्रिया :- |

| | |
|---|---|
| | १. समान लक्ष्य र उद्देश्य भएका एकै स्थानमा बसोबास गर्ने बढीमा ३० जना कृषकहरूको सामूहिक भेला ।<br>२. सामूहिक भेलाबाट समूहको नामाकरण तथा नेतृत्व चयन ।<br>३. समूह दर्ताको लागि निवेदन<br>४. समूहको २ प्रति विधान निर्माण ।<br>५. समूहको छाप<br>६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र<br>७. कार्यसमितिका सदस्यहरूको नागरिकताको प्रतिलिपि ।<br>८. समूह दर्ता तथा बैंक खाता खोल्नका लागि तोकिएका प्रतिनिधिको २/२ प्रति पासपोर्ट साइजको फोटो ।<br>**समूह नवीकरणको हकमा**<br>१. समूहको निर्णय प्रतिलिपि<br>२. निवेदन<br>३. नवीकरण शुल्क |
| | **घ) समूह दर्ता तथा नवीकरण शुल्क**<br>१. नयाँ समूह दर्ता शुल्क वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०८२ बमोजिम।<br>२. समूह नवीकरण शुल्क वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०८२ बमोजिम |
| | **ङ) समूह खारेज सम्बन्धमा**<br>नवीकरण गर्ने म्याद नाघेको निरन्तर २ (दुई) वर्षसम्म पनि नवीकरण नगरेको अवस्थामा समूह स्वतः खारेज भएको मानिनेछ । |
| ६. | **कार्यक्रमको नामः** अनुगमन बैठक तथा भ्रमण खर्च |
| | **क) कार्यक्षेत्र** :- वीरेन्द्रनगर नगरपालिका लगायत अन्तरपालिका तथा अन्तरजिल्ला |
| | **ख) उद्देश्यः**<br>१. कृषि विकास शाखा बाट सञ्चालन हुने कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन गर्न तथा कार्यक्रमलाई पारदर्शी रूपमा सञ्चालन गर्न। |
| | **ग) प्रमुख क्रियाकलापः**<br>१. कृषि विकास शाखाबाट सञ्चालन भएका कार्यक्रमहरूको अनुगमनका लागि दैनिक भ्रमण खर्च गाडि भाडा ।<br>२. सूचना प्रकाशन पछि मूल्याङ्कनका लागि फिल्ड अनुगमन गर्नुपर्ने कार्यक्रमहरू अनुगमनका लागि दैनिक भ्रमण खर्च गाडि भाडा । |



| | |
|---|---|
| | ३. विभिन्न कार्यक्रम सञ्चालनका क्रममा जिल्ला भित्र वा जिल्ला बाहिर सामग्री लिनका लागि दैनिक भ्रमण खर्च । |
| | **ङ) अनुदान रकम र अधिकतम सीमाः** कर्मचारीले विभिन्न कार्यक्रम सञ्चालनका क्रममा जिल्ला भित्र वा जिल्ला बाहिर सामग्री लिन जाँदा, फिल्ड अनुगमन गर्न जाँदा फिल्ड प्रतिवेदन तथा फोटोको आधारमा उक्त समयावधिको दैनिक भ्रमण भत्ता नियमानुसार हुनेछ । |
| | **च) न्यूनतम मापदण्डः**<br>१. अनुगमन मूल्याङ्कनका लागि कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम हुनु पर्नेछ ।<br>२. विभिन्न सरकारी तथा गैर सरकारी कार्यबाट सञ्चालन भएका कार्यक्रमहरूको अनुगमन गर्न सकिनेछ ।<br>३. कुनै कार्यक्रम सञ्चालनका क्रममा तथा अनुगमनमा जाँदा प्रमुख प्रशासकीय अधिकृत सँग दैनिक भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । |

## अनुसूची-३
## प्रस्ताव आव्हानको सूचनाको ढाँचा

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा, सुर्खेत ।

### प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः- ..............................

यस नगरपालिकाको आ.व. ................. को वार्षिक स्वीकृत कार्यक्रम ............................ ..........................................अनुसार निम्न लिखित कार्यक्रमहरू नगर कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम लागत सहभागितामा कार्य गर्न इच्छुक व्यवसायिक फार्म, कृषक, कृषक समूह, कम्पनी, निजी उद्यमी, सहकारीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्रस्ताव पेस गर्नु हुन आव्हान गरिन्छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रम | संख्या | बजेट रु. |
|---|---|---|---|
| | | | |
| | | | |



## अनुसूची - ४
## निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत ।

**बिषयः कार्ययोजना पेस सम्बन्धमा ।**

महोदय,

सेवामा निवेदन गर्नाको कारण यो छ कि तहाँ नगरपालिकाको मिति .................. गते प्रकाशित सूचना अनुसार मैले/हामी निवेदकले ...................................................... कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची ५ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेस गरेको छु/गरेका छौ ।

निवेदकः

नामः ................................................
ठेगानाः..............................................
फर्मको नामः.........................................
दस्तखतः.............................................
मितिः.................................................
सम्पर्क नं. :.........................................

## अनुसूची - ५
### व्यावसायिक कार्य योजना पेस गर्दा संलग्न हुनुपर्ने कागजातहरू

- नेपाली नागरिकताको प्रतिलिपि
- अनुसूची ४ अनुसारको ढाँचामा निवेदन
- अनुसूची ६ अनुसारको विस्तृत व्यावसायिक कार्य योजना
- जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको सम्झौता पत्रको प्रतिलिपि)
- प्रचलित कानून अनुसार दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयमा व्यवसाय दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
- प्रस्तावकले कम्तीमा ५० प्रतिशत लागत सहभागिता गर्ने प्रतिबद्धता पत्र
- निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन वा लागत अनुमान
- शैक्षिक योग्यता, तालिम, अनुभव तथा वैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि

## अनुसूची – ६
### कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना

कार्यक्रमको नाम :..............................................................................................

उद्यमी/ समूह / सहकारीको नाम :............................................ सम्पर्क नम्बर :..................

ठेगाना :....................................... गाँउ/टोल :............................ वडा नं. :..............

**व्यवसायको परिचय:-**

- उद्देश्यहरु:
- व्यवसायको अवस्था:
- व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु:
- तालिम सम्बन्धी विवरण:
- सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण:

| क्र. स. | सञ्चालन गरिने क्रियाकलाप | माग गरिएको वस्तु तथा सामग्रीहरुको विवरण. | लागत साझेदारी. | जम्मा लागत | कै. |
|---|---|---|---|---|---|
| | | | | | |
| . | | | | | |

- व्यवसायबाट उत्पादन हुने बस्तु:-
- उत्पादित वस्तुको परिमाण:-
- बजारयोग्य परिमाण:-
- व्यवसायको वातावरणीय उपयुक्तता:-
- उत्पादित बस्तुको बजार योजना:-
- थप आधारहरु
  - उपलब्ध जग्गाको क्षेत्रफल
  - अपेक्षित प्रतिफल
  - व्यवसायको लागि श्रमको व्यवस्थापन

    (क) पारिवारिक:

    (ख) बाहिरबाट:

    (ग) दुवैतर्फबाट:

दस्तखत गर्नेको

नाम: ......................................................................

संस्थाको छाप: .........................................................

पद: ........................................................................

दस्तखत: ......................................... मिति: ....................

## अनुसूची - ७

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

- नगरपालिका :-
- आवेदक महिला कृषि समूह, सहकारी तथा निजी उद्यमीको नामः-
- कार्यक्रम सञ्चालन स्थलको ठेगानाः-+
- प्रस्तावित कार्यक्रमको नामः-
- मूल्याङ्कनका आधारहरु

| क्र. सं. | विवरण | भार | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १ | विपन्न अपाङ्ग दलित तथा जनजाती महिला कृषक समूह | १० | | |
| २ | महिला कृषक समूह/सहकारी | १० | | |
| ३ | कृषि सहकारीबाट सिफारिस लाभान्वित महिला समूह | ७ | | |
| ४ | निजी फर्म | ३ | | |
| ५ | हालसम्म कुनै पनि सरकारी निकायबाट सम्बन्धित अनुदान नलिएका समूह सहकारी वा फर्म | १० | | |
| ६ | कम्तीमा ६ महिना अघी दर्ता गरी सक्रिय रुपमा काम गरिरहेका | ५ | | |
| ७ | कार्यक्रमको कमाण्ड क्षेत्रमा लाभान्वित (समूह/सहकारी /फर्म) संख्या | ५ | | |
| ८ | कृषक समूहले एउटै कलस्टरमा काम गरेका | ५ | | |
| ९ | प्रस्तावित कार्यक्रमले समेट्ने क्षेत्रफल | १० | | |
| १० | प्रस्तावित कार्यले सृजना गर्ने रोजगारीको अवसर | ५ | | |
| ११ | प्रस्तावित वाली/वस्तुको भौगोलिक एवम् प्राविधिक उपयुक्तता | ५ | | |
| १२ | प्रस्तावकको आवश्यक कागजातको प्रक्रिया पुरा भएको | ५ | | |
| १३ | सहभागिता लक्षित वर्गको नगद वा वस्तुगत योगदान गर्न सक्ने परिमाण र प्रतिवद्धता | ५ | | |
| १४ | प्रस्तावित कार्य कृषकहरुको माग एवम् आवश्यकता अनुरुप रहे/नरहेको | ५ | | |

| क्र. सं. | विवरण | भार | प्राप्ताङ्क | कै. |
|---|---|---|---|---|
| १५ | कृषक समूह तथा सहकारीको हकमा पाना नम्वर लिएको र निजी फर्मको हकमा पालिका वा वडामा व्यवसाय दर्ता गरेको | ५ | | |
| १६ | वीरेन्द्रनगर नगरपालिकाले छुट्टाएको बाली / वस्तु पकेट क्षेत्र अनुसार बाली वस्तु समावेश भएको | ५ | | |
| | जम्मा | १०० | | |

- स्थलगत अनुगमनमा भेटिएका अन्य विवरणहरुः-
- स्थलगत अनुगमन टोलीको रायः

| नाम थर तथा पद | राय | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची – ८
### बालीको वर्गिकरण

वीरेन्द्रनगर नगरपालिकामा खेती गरिने विभिन्न बालीहरु

| क्र. सं. | बालीको वर्गिकरण | बालिको नाम |
|---|---|---|
| १ | खाद्यान्न बाली | धान, गहुँ, मकै, कोदो, जौ, फापर |
| २ | कोशेबाली | बोडी, सिमी, राज्मा, भट्ट मास, चना, केराउ, मुसुरो, मास, गहत, अडहर, मुङ्ग |
| ३ | तेलबाली | तोरी, रायो, सर्स्यू,सूर्यमुखी ,भट्टमास, फिलिङ्गे, तिल, अल्छी |
| ४ | तरकारी बाली | लहरे तरकारी (काँक्रा फर्सी घिरौला करेला चिंचिण्डा), मसला बाली (प्याज, लसुन, धनिया, बेसार, अदुवा, ददु), जरेबाली (मुला, गाँजर, सलगम) ,आलु, पिँडालु, तरुल, साग, सब्जी, काउली समूहका बाली, तथा अन्य तरकारी |
| ५ | फलफूल बाली | सुन्तला जात फलफूल (कागती,सुन्तला,मुन्तला,निबुवा, जुनार, माल्टा,भोगटे), आँप, लिची, अम्बा, अनार, किवि, अङ्गुर, नास्पती, हलुवावेद, आरु, आरुवखडा, ड्रागन फ्रुट, मेकाडिमिया नट, घ्यू फल |
| ६ | पुष्प खेती | सयपत्री, जर्वेरा, कार्नेशन, गुलाब |
| ७ | च्याउ खेती | कन्य, पराले, गोब्रे, शिताके च्याउ |
| ८ | मौरी पालन | स्थानीय जात पुत्का मौरी, सेरेना मौरी, मेलिफेरा मौरी |
| ९ | रैथाने बाली | स्थानीय स्तरमा उत्पादन हुने तर हाल लोप हुदै गएका बालीहरु |

## अनुसूची – ९

वीरेन्द्रनगर नगरपालिकाले सम्भाव्यताका आधारमा विभिन्न बालीका पकेट क्षेत्र छुट्टाईएका वडा तथा क्षेत्रहरु

| क्र. सं. | बाली तथा वस्तु | छनोट गरीएको वडा नं | स्थान तथा टोल |
|---|---|---|---|
| १ | मासु (बाख्रा, खंसी ,बोका) | १३ ,१५ र १६ | सबै क्षेत्र |
| २ | कुखुरा (ब्रोईलर तथा अण्डा) | १ देखि १३ सम्म | सबै क्षेत्र |
| ३ | स्थानीय कुखुरा | १३, १४, १५ र १६ | सबै क्षेत्र |
| ४ | दुध (गाई, भैसी) | १२, १३, १४ र १६ | १२ को खोरीया टोल |
| ३ | मौसमी तथा बेमौसमी तरकारी | २ | दौलतपुर,, जैपुर,कोलडाँडा,भातेकुना |
| | | ३ | ईटौरा, पतेनी ,मुलपानी, मसुरीखेत |
| | | ४ | भैरवस्थान |
| | | ९ | तिलपुर, कालीमाटी, अलायचौर, पर्सेनी |
| | | १० | घुम्रा, नयाँगाउँ, बामेखोला |
| | | ११ | चारकुने, मनिकापुर, गाग्रेताल |
| | | १३ | इन्द्रपुर, सितापुर, कुनाखेत |
| | | १५ | पारेगाँउ, रतु |
| ४ | आलु | ९ ,१०, ११, १३, १४, १५ र १६ | तिलपुर, गुप्तीपुर अलायचौर, घुम्रा, रहरपुर मनिकापुर, चारकुने, नलखोला, चन्दने, रातानाङ्ला, काफलटाकुरा, पंगालीडाँडा, भालु खोला ,इलसे खीला, माथिल्लो मेहेली ,लेहेडा |
| ५ | अदुवा, वेसार | १६ | मेहेली, गर्पन, बाह्घर, सानीलेख ,सुईनी |
| | च्याउ | २ ३ ८ ९ १० ११ | |
| | मौरी | ८ ९ १० ११ १२ १३ १४ १५ र १६ | |
| ६ | रैथाने बाली | ९, १० ,१२, १३, १४, १५ र १६ | सत्यकाँडा, सानो सुर्खेत ,खोरिया टोल १३, १४ ,१५ र १६ का सबै क्षेत्र |

वडा नं १, ५, ६, ७ र ८ लगायत माथी का पकेट क्षेत्रमा नपर्ने सबै वडाका क्षेत्रहरुमा शहरी क्षेत्र विस्तार तथा जमिन खण्डिकरण भईरहेकोले खाद्य पोषण सुरक्षाका लागि जुनसुकै बाली वस्तुहरुको उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

## अनुसूची - १०
## सम्झौता पत्रको ढाँचा

वीरेन्द्रनगर नगरपालिका (यसपछि प्रथम पक्ष भनिएको) र विशिष्टताको आधारमा छनोट भएका कृषक, कृषक समूह वा सहकारी (यसपछि दोश्रो पक्ष भनिएको) बिच तपसिलको सर्तहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

**तपसिल**

- यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
- पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु. ............ (अक्षेरुपी .................) मध्ये बढीमा ........... प्रतिशतले हुन आउने रु. .................. (अक्षेरुपी .......................................) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोश्रो पक्षले बेहोर्नु पर्नेछ ।
- कार्य प्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात् अनुदान रकम एकमुष्ठ उपलब्ध गराईनेछ ।
- दोश्रो पक्षले प्रस्तावमा पेस गरेको बाहेक अन्य सामग्री खरिद गर्न पाउने छैन ।
- दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होडिङ्ग बोर्ड राख्नु पर्नेछ र खरिद गरेको सामग्री प्रत्येकमा अनुदान रकम झल्कने गरी स्टिकर टाँस गर्नु पर्नेछ ।
- पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्नेछ ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।
- सम्झौता भएको मितिले ७ दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरी सक्नु पर्नेछ ।यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।
- दोश्रो पक्षले यहि मिति ............ भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।
- दोश्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिई सकेपछि कम्तीमा पनि ३ बर्ष व्यवसाय गर्नु पर्नेछ यदि व्यवसाय सञ्चालन नगरेमा प्रचलित कानून बमोजिम हुनेछ ।
- यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ ।

माथि उल्लिखित सर्तहरु पालना गर्न/गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरी लियौं/दियौं



| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| ठेगानाः | ठेगाना |
| संस्थाको नाम र छापः | कार्यालयको छापः |

इति सम्बत् ................ साल ......... महिना ..........गते रोज ............ शुभम् ।

आज्ञाले,

**लक्ष्मी प्रसाद बास्कोटा**

प्रमुख प्रशासकीय अधिकृत

नगर कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२, मूल्य रू. २० ।-